# रुपा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### रुपाकोट, कास्की
### गण्डकी प्रदेश, नेपाल

## ढुङ्गा, गिट्टी, वालुवा, रोडाको कर तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आह्वानको सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७६/०५/३ गते**

रुपा गाउँपालिका , गाउँकार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-९, दफा ६४ को उपदफा १ को (च), प्रदेश आर्थिक ऐन २०७५ को दफा ८ तथा अनुसुची ६ र प्रदेश सरकारबाट स्वीकृत ढुङ्गा, गिट्टी, वालुवा, माटो दहत्तर वहत्तर, लगायतका प्राकृतिक स्रोतको उत्खनन संकलन प्रशोधन विक्रिवितरण तथा क्रसर उद्योग व्यबस्थापन र संचालन कार्यविधी २०७५, समेतका आधारमा चालु आ.ब. २०७६/७७ का लागि तपशिल बमोजिमका नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवाको आय संकलन ठेक्कापट्टाको माध्ययमबाट गर्नुपर्ने भएकाले ठेक्कापट्टा गर्नका लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखि तपशिलमा उल्लेखित मिति र समय भित्र यस कार्यालयको सनराइज बैंकको कोष खाता नं. ०७२०५१८८६४७०३००१ मा तोकिएको रकम बुझाई वा यस कार्यलयको आर्थिक प्रशासन शाखामा सोझै नगद बुझाई वोलपत्र फाराम यस कार्यालयबाट खरिद गरि, मु.अ. कर र अग्रिम आयकर सहितको कूल कबोल को ५% (पाँच प्रतिशतले) ले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको सनराइज बैंकमा रहेको धरौटी खाता नं. ०७२०५१८९१४७०३००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १२० दिन म्याद भएको बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक ग्यारेन्टी (Bid Security) संलग्न राखि शिलबन्दी वोलपत्र फाराम पेश गर्न सकिने गरि यो आन्तरीक आय संकलन सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :-**

- ☐ नविकरण भएको इजाजत पत्रको प्रमाणित फोटोकपी
- ☐ मु. अ. कर दर्ता प्रमाण्पत्रको प्रमाणित फोटोकपी
- ☐ करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- ☐ नेपाली नागरीकताको प्रमाण्पत्रको प्रमाणित प्रतिलिपी
- ☐ फर्म दर्ता प्रमाणपत्र

(माथिका पहिला चार कागजात) नोटरी पब्लीकबाट प्रमाणित हुनु पर्ने ।

| ठेक्का नं. | घाटको नाम | उत्खनन हुने अधिकतम् बार्षिक परिमाण घ.मी. | न्यूनतम रकम (कर बाहेक) | वोलपत्र फारम दस्तुर | वोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | वोलपत्र दाखिला गने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| 01/RRM/ GHAT/076/077 | वडा नं. १ | ४९५९.२६ | ७,००,०००।०० | ३०००।०० | २०७६/०६/२ गते बिहानको ११ बजे सम्म | २०७६/०६/२ गते दिनको १२ बजे सम्म |
| 02/RRM/ GHAT/076/077 | वडा नं. ३ | १४८६६ | २१,००,०००।०० | ३०००।०० | २०७६/०६/२ गते बिहानको ११ बजे सम्म | २०७६/०६/२ गते दिनको १२ बजे सम्म |
| 03/RRM/ GHAT/076/077 | वडा नं. ७ | ३५४२.३२ | ५,००,०००।०० | ३०००।०० | २०७६/०६/२ गते बिहानको ११ बजे सम्म | २०७६/०६/२ गते दिनको १२ बजे सम्म |

**शर्त तथा बन्देजहरु :-**

१ खरिद भएका बोलपत्र फारम पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी प्रत्येक पानामा सहिछाप र खाम शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम लेखि माथि उल्लेखित मिति र समय भित्र खामबन्दी गरि यस कार्यालयमा बोलपत्र पेश गर्न सकिने छ । दर्ता हुन आएका शिलबन्दी वोलपत्रहरु सोहि दिनको ३ :०० बजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो वोलपत्र खोल्न बाधा पर्ने छैन । कबुल गरेको रकम अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

२. ठेकेदार र रुपा गाउँपालिका बिच ठेक्का शर्तहरुका सम्बन्धमा कुनै विवाद उठेमा रुपा गाउँपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । वोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली,प्रारम्भिक वातावरणीय परीक्षण (क्षम्ब) प्रतिवेदन लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालना गर्नुपर्नेछ ।

३. प्रथम किस्ता वापतको कबोल रकमको ५० प्रतिशत कर सहितको रकम सम्झौताको चरणमा यस कार्यालयको खातामा जम्मा गर्नुपर्नेछ । बांकी ५० प्रतिशत रकमको हकमा नेपाल बैंकबाट मान्यता प्राप्त क बर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको २०७७ आषाढ मसान्त सम्म म्याद भएको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेछ । उक्त कार्य सम्पादन जमानत बराबरको रकम २०७६ माघ मसान्त भित्रमा यस कार्यालयको खातामा जम्मा गर्नुपर्नेछ ।

४. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असूल उपर गर्ने गरि कानूनी प्रक्रिया अपनाइनेछ । असूल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ती जोडी सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

५. हुलाक मार्फत बोलपत्र पेश गर्नेले वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय भित्र कार्यालयमा दर्ता भइसक्नु पर्नेछ । सो म्याद काटि आएको बोलपत्रलाई मूल्याङ्कनमा समाबेश गरिने छैन । कुनै शर्त राखि पेश गरेको र रीत नपुगेको वोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

६. नदी किनार तथा आसपासका वनस्पती र जीवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय लोकमार्ग, सहायक लोकमार्गका दायाँ बायाँ निषेधित स्थान बाहेक तोकिएको स्थानबाट मात्र नदीको बहाव परिवर्तन नहुने गरी सूर्योदय देखि सूर्यास्त सम्म मात्र झिक्न पाईनेछ । हावा चलेको बेलामा, पानी चुहिने गरी, धुलो उड्ने गरी, ओभरलोड हुने गरी ढुवानी गर्ने पाईने छैन ।

७. पुल, कजवे तथ कल्भर्टबाट दुबै तर्फ राष्ट्रिय लोकमार्गमा पर्ने पुलहरुको ५०० मिटर अपस्ट्रिम २५० मिटर डाउन स्ट्रीम सम्म ढुङ्गा, रोडा, ग्राभेल, गिट्टी र वालुवा समेत निकाल्न पाईने छैन ।

८. घाटसम्म जाने बाटोको निकास आफैं व्यबस्थापन गर्ने जिम्मेवारी स्वयं बोलपत्रदाताको हुनेछ ।

९. ढुङ्गा, ग्राभेल, गिट्टी रोडा र वालुवा समेतकृ कारोवार गर्दा वालश्रम प्रयोग गर्न पाईने छैन र वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाईनेछैन । मजदुरको ज्यालाको हकमा जिल्ला दररेटमा कम नहुने गरी ज्याला दिनु पर्ने छ ।

१०. नदीजन्य पदार्थ निकासी गदृ राष्ट्रिय र सहायक लोकमार्गलाई असर पनृ गरी सडक निर्माण गर्ने पाईने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च समेत दाबी गर्न पाईने छैन ।

११. स्वीकृत घाट क्षेत्रमा ढुङ्गा, गिट्टी वालुवा आदि उत्खनन एवं संकलन कार्यमा मेशिन प्रयोग गर्न पाईने छैन ।

१२. नदि, खोला, बगर एवं सार्वजनिक आवागमनमा वाधा हुने गरी संकलित सामान जम्मा गर्न पाईनेछैन ।

१३. वोलपत्रका सम्बन्धमा थप केहि बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क गरि बुझ्न सकिनेछ । साथै विस्तृत विवरण वोलपत्र फाराम साथ उपलब्ध गराइनेछ ।

१४. आ.ब. २०७६/०७७ का केहि महिना नेपाल सरकार तथा प्रदेश सरकारको निर्णयले घाट बन्द भएमा कार्य समयावधी सोहि बमोजिम कायम हुनेछ र उल्लेखित परिमाण सोहि समयावधीमा विक्री गर्नुपर्नेछ । त्यसका लागि वोलपत्रदाताले कुनै क्षतिपूर्ती वा हर्जना माग गर्न पाउने छैन ।

१५. अनुगमन समितिको निर्णय बमोजिम निर्धारण गरिएको क्षेत्रमा ठेकेदार आफैंले संकलित सामाग्रीको घाटगद्दी गरेर मात्र विक्री वितरणको व्यबस्था मिलाउनु पर्नेछ । घाटगद्दी गर्दा लाग्ने खर्च ठेकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ ।

१६. वोलपत्रदाताले ढुङ्गा, गिट्टी, वालुवा, रोडा विक्री गर्दा आ.ब. ०७६/७७ को लागि जिल्ला दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट तथा गाउँपालिका दररेट भन्दा बढि हुने गरि विक्री गर्न पाउने छैन ।

१७. वोलपत्रदाताले आफूले निकासी गरेको परिमाणको विक्री वितरण अनिवार्य रुपमा गाउँपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ ।

१८. स्वीकृत प्रारम्भीक वातावरणीय परिक्षण (IEE) प्रतिबेदनमा उल्लेखित विषयहरु, पालना गर्नुपर्ने शर्तहरु, जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरु, प्रत्येक क्षेत्रबाट उठाउन सकिने प्राकृतिक श्रोत ढुङ्गा, वालुवा, गिट्टी, ग्राभेल, रोडाको परिमाण समेतका विषयहरु (IEE) प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछन्, तिनको पालना गर्नु वोलपत्रदाताको कर्तव्य हुनेछ ।

१९. नदि खोलामा जे.सि.भि. चलाउन वा पानीको बहाबलाई प्रभाब पार्नेगरी अस्थायी पुल वा ह्युम पाइप राख्न पाइने छैन । सो प्रयोजनको लागि गाउँपालिकाले कुनै अनुमति दिने छैन । नदि वा खोलाको पारीपट्टी भएको माल वारीपट्टी बाटै र पारीपट्टी भएको माल पारीपट्टी बाटै बाटो आफैं व्यबस्था गरी ठेकेदारले लैजाने व्यबस्था मिलाउनु पर्नेछ ।

२०. उल्लेखित न्यूनतम रकम मु.अ. कर र अग्रिम आयकर बाहेक रहेको छ बोलपत्रदाताले कवोल रकममा मु.अ. कर र अग्रिम आयकर समेत जोडी दाखिला गर्नु पर्नेछ ।

२१. वोलपत्र खरिद तथा दाखिलाको अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिनेछ ।

२२. वोलपत्र पूर्ण वा आँशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ । कार्यालयले आबश्यक नठानेमा जुन सुकै चरणमा पनि आंशिक वा पूरै वोलपत्र प्रक्रिया रद्ध गर्न सक्नेछ ।

२३. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । नेपाल सरकार प्रदेश सरकार र गाउँपालिकाले समय समयमा दिएका निर्देशनहरु पालना गर्नु वोलपत्रदाताको कर्तव्य हुनेछ ।

२४. ठेक्का सम्झौता गर्दा राखेको ५ प्रतिशत धरौटी रकम आ.ब. २०७६/०७७ को कर चुक्ता पेश गरेपपछि फिर्ता दिइनेछ । धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तानि गर्दा समायोजन गर्न पाइने छैन ।

.......................................

(विष्णु प्रसाद पोखरेल)

प्रमुख प्रशासकीय अधिकृत